
"ग्रामिण सांस्कृतिक पर्यटनको विकास गरौं, जैविक विविधताको संरक्षणको संरक्षण गरौं"


# प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव, २०८२

स्थान : सिदिङ्वाधाम परिसर (थामडाँडा)

सिदिङ्वा ३ ७७१ आँग्खोप, साब्देला कालिखोला, ताप्लेजुङ ।

# कार्यक्रम प्रतिवेदन











सिदिङ्वा गाउँ कार्यपालिकाको कार्यालय, साब्लाखु, ताप्लेजुङ

तथा

प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव मूल समारोह समिति, ताप्लेजुङ ।

## विषय सूची


१. पृष्ठभूमीः ............................................................................३

२. महोत्सवको मूख्य उद्धेश्य र अन्य उद्धेश्यः ...........................................४

३. उपलब्धिहरुः ............................................................................५

४. महोत्सवको क्षेत्रहरुः ....................................................................५

५. सहभागिताः ............................................................................५

६. महोत्सव संचालन तालिकाः ..........................................................६

७. महोत्सव संचालनः ....................................................................६

८. आर्थिक पक्षः ............................................................................६

९. कार्यक्रम तथा वजेटः..................................................................७

१०. निश्कर्ष तथा सुझाव ..................................................................८

११. अनुसूचिहरुः............................................................................११–१३


प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव, २०८२ को कार्यक्रम प्रतिवेदन

नि. प्रमुख प्रशासकीय अधिकृत

# प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव, २०८२

## कार्य सम्पन्न प्रतिवेदन

१) पृष्ठभूमिः–

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानद्वारा आत्मसात गरिएको संघीय शासन प्रणाली अनुरुप राज्य पुर्नसंरचनाबाट ताप्लेजुङ जिल्लाको साविक ७ गाउँविकास समितिहरु (१.कालिखोला, २.साँवा, ३. आंखोप, ४. साब्लाखु, ५. लिम्बुदिन, ६. मेहेले र ७. सुरुमखिम) को पुनर्गठनबाट संविधानले परिकल्पना गरेको स्थानीय तहको रुपमा सिदिङ्वा गाउँपालिकाको गठन भएको हो। प्रशासनिक रुपमा ७ ओटा वडामा विभाजन गरिएको यस गाउँपालिकाको केन्द्र साबिक साब्लाखु गा.वि.स. हाल सिदिङ्वा गा. पा. वडा नं ४ मा रहेको छ।

ताप्लेजुङ्ग जिल्लाको पुर्वी भू-भागमा अवस्थित २०६ वर्ग कि.मी क्षेत्रफल फैलिएको सिदिङ्वा गाउँपालिका स्थानीय सिदिङ्वा डाँडाको नामले नामाकरण गरिएको देखिन्छ। करीब ११००० जनसंख्या रहेको यस गाउँपालिका मुख्य आयश्रोत कृषि, पशुपालन तथा जडीबुटी रहेको छ। धार्मिक स्थल तिम्बुङ पोखरी र सुन्दर ढ्वाङढ्वाङे झरना रहेको यो गाउँपालिकामा धेरैभन्दा धेरै पर्यटकिय, जैविक, सास्कृतिक, धार्मिक, ऐतिहासिक स्थलहरु रहेका छन्।

यस गाउँपालिकामा परापूर्व कालदेखि बसोवास गर्दै आइरहेका विभिन्न जातजातिहरुको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वको व्यापक रहेकोछ। यस गाउँपालिकाको नाम सिदिङ्वा भन्ने स्थानमा १८००० ऋषिहरु मध्ये १ जना सिद्धऋषी नाम गरेकाले ऋषीले तपस्या गरि बसेका अनि माहाज्ञान प्राप्त गरी त्यही लोभ भएको भन्ने पुराणमा उल्लेख र जनविश्वास रही आएको छ। त्यही स्थानको नामबाट सिदिङ्वा गाउँपालिकाको नाम राखिएको हो।

भौगोलिक रुपमा यो गाउँपालिकाको सीमाना पूर्व र दक्षिणमा पाँचथरको याङवरक गाउँपालिकाको वडा नं. २ फलैचा, ४ थर्पु, उत्तर र पश्चिममा सिरीजंघा गाउँपालिका रहेकोछ। ताप्लेजुङ जिल्लाको ९ वटा स्थानीयतह मध्ये क्षेत्रफको हिसावले पाचौं तथा २०६ वर्गकिलोमिटर सम्म फैलिएको छ। यस गाउँपालिकामा विभिन्न धर्मावलम्बी, जात जाति तथा बहुसाँस्कृतिक बनौट भएको यस गाउँपालिकामा सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुता परापूर्वकाल देखि रहि आएको छ।

प्राकृतिक रुपमा यस गाउँपालिकाको उत्तरी भेग तिरका स्थानहरुमा अत्यन्तै धेरै रमणीय तथा पर्यटकीय स्थानहरु मात्र होईन कि वन्यजन्तु र जडिबुटीहरुको राजधानीको रुपमा परिचित रहेका छ। पर्यटकीय क्षेत्रहरु मध्ये तिम्बुङ पोखरी, हाँडी पोखरी, थाङ्ना पोखरी, सुके पोखरी तथा कालिपोखरी आदि रहेका छन्। झरनाहरुमा ढ्वाङ्ढ्वाङ्,े मैनवास र दोभान खोला अदि रहेका छन्। त्यस्तै हेर्न लायकका स्थानहरुमा तेस्रे भञ्ज्याङ, थामडाँडा, लामी चौर, सिदिङ्वा, निकास, पाङ्द्रा, बिखेचौर, माईपेनी, लंगुर, चौरी ध्याङ लगायतका धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेका स्थानका सम्पदाहरुले यस गाउँपालिकाको शोभा र सुन्दरता थपेकोछ। त्यसै गरि ठूला–ठूला वनजंगलहरुमा, तेस्रे पातल, नयाँपातल, कालपोखरी, हाँडीपातल, मिचिम पातल आदि प्रमूख रुपमा रहेकोछ।

यस गाउँपालिकाको मूख्य नदी तथा खोलाहरुमा सिमाना भई बग्ने नदीमा मूख्य काबेली, ठूला खोलामा इवाखोला र तावाखोला रहेका छन्। माझौला खालका खोलाहरुमा ढवाङ्ढवाङे, कालिखोला, चावाखोला, सुवाखोला, खोरीम्बाखोला, मावाखोला र याम्फाखोलाहरु रहेका छन्।

**२) महोत्सवको मूख्य उद्धेश्य तथा क्रियाकलापहरुः–**

समुन्द्र सतहबाट ३५१५ मिटरको उचाईमा रहेको ताप्लेजुङ जिल्लाको सिदिङ्वा गाउँपालिका उद्गम स्थल तथा सवै वडाको साझा थलो र केन्द्रको रुपमा रहेको उत्तरी भागमा अवस्थित एक पवित्र, सुन्दर र आकर्षक केन्द्रको रुपमा रहेको सिदिङ्वाधाम एक शक्तिपीठका रुपमा लिने गरिन्छ । यस धामको व्यापक प्रचार प्रसार गरिएमा आन्तरीक तथा वह्य पर्यटकहरुको आगमनमा भारी बृद्धि हुने कुरा दुईमत छैन् । यस अगाडि पनि महोत्सव गर्ने सोच तथा जमर्को गरियता पनि भौगोलिक कठिनाई तथा बाटोघाटोको कठिनाई भएकोले हाल केहि क्षेत्र सम्म मोटरबाटो र धाम सम्म पदमार्ग निर्माण सम्पन्न गरिएकोले हाल महोत्सव गर्न केही न केहि उक्त क्षेत्रको विकासमा टेवा मिलेको छ भन्ने विश्वास लिएका छौ। यसै महोत्सवको अवसरमा सिरिङ्ग ऋषिको मुर्त्री पनि स्थापना गरी राखिएको छ । यस क्षेत्रमा रहेको तथा पाईने विभिन्न किसिमका जडिबुटिहरु तथा वन्यजन्तुहरुको संरक्षण, एवं व्यवस्थापनमा, पूर्वाधार निर्माण साथै पर्यपर्यटनको विकास र अन्य विकास निर्माणमा स्थानीयवासी देखि लिएर राज्यको माथिल्लो निकायलाई ध्यान केन्द्रित गराउदै अन्त्रराष्ट्रिय क्षेत्रमा समेत चिनाउने यस महोत्सवको उद्धेश्य रहेको छ । साथै प्रचार प्रसारको माध्यामबाट राज्यको तीनै तहका सरकारहरुको उपस्थितमा यस क्षेत्रको जैविक विविधता संरक्षण एवं विकास साथै प्राकृतिक, आर्थिक, सामाजिक र भौतिक विकासको जानकारी गराउने उद्धेश्यले मिति २०८२ साल जेष्ठ १५,१६ र १७ गते थामडाँडामा भव्यरुपले प्रथम सिदिङ्वा धाम पर्यटन महोत्सवहरुको आयोजना गरियो ।

**अन्य मुख्य क्रियाकलाप तथा उद्धेश्यहरुः**

प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव २०८२ का अन्य लक्ष्य तथा उद्धेश्यहरु निम्न अनुसार रहेका थिए:-

१. सिदिङ्वाधाम लगायत अन्य प्राकृतिक रुपमा रहेका अन्य क्षेत्रहरुलाई स्वदेश तथा विदेशमा समेत चिनाउन सफल भएको ।

२. यस महोत्सवमा ७ देखि ८ हजार आन्तरीक पर्यटक भित्र्याईयो । उक्त कार्यक्रमबाट स्थानीयवासीको आन्तरीक आयमा बृद्धि गराउदै राष्ट्रीय आम्दानीमा टेवा पुगेको ।

३. यस क्षेत्रमा रहेको कला, साँस्कृति, एवं सामाजिक रीतिरिवाजहरुलाई प्रस्तुत गर्ने गराउने कार्य हुनुका साथै संरक्षण र सम्बर्धनमा विशेष योगदान पुगेको ।

४. यस क्षेत्रको विभिन्न पर्यटक क्षेत्रहरु पहिचान गरी यस क्षेत्रमा पाईने विभिन्न जडिबुटीहरुको जानकारी र लोपन्मूख तथा संकटमा परेका जडिबुटीहरु र वन्यजन्तुहरुको संरक्षणमा ध्याान केन्द्रित गराउदै, आगामी दिनमा जडिबुटीहरुको संरक्षण र विकास गराउने काम भएको ।

५. सिदिङ्वाधामको ऐतिहासिक तथा धार्मिक विशेषता बारे जानकारी गराउदै, सिदिङ्वाधामको संरक्षणमा विशेष जोड दिने साथै अन्य पर्यटकीय स्थलहरुको भ्रमण तथा पहिचान र संरक्षणमा विशेष जोड दिने तथा चिनारी गराईएको ।

**३) उपलब्धीः–**

सिदिङ्वाधाम पर्यटन महोत्सवको सफल संचालन पश्चात देहाय बमोजिमका उपलब्धीहरु भएको पाईयो ।

१. सिदिङ्वाधाम क्षेत्रको स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको पर्यटकीय गन्तब्यको रुपमा बिकास तथा स्थापित हुने विश्वास लिईएको ।

२. उक्त क्षेत्रको जैविक विविधता बारे जाकारी एवं संरक्षण र सम्बर्धनमा विशेष पहल तथा योगदान भएको ।



नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

३. यस क्षेत्रमा बसोवास गर्ने स्थानीयवासीहरुको शैक्षिक, सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार तथा टेवा मिलेको पाईयो ।

४. सिदिङ्वाधाम जान आउनको लागि रुट कायम भई यस क्षेत्रको पर्यटकीय पूर्वाधारहरुको विकास थप बल पुगेको छ भने भने ग्रामिण पर्यटन, होमस्टे, साँस्कृतिक विकासको उजागर भएको छ।

५. यस क्षेत्रको साँस्कृतिक तथा मौलिक विशेषता एवं वन वन्यजन्तुहरुको संरक्षणमा विशेष जानकारी पाउन सफल भएको देखिन्छ।

**४) महोत्सवको विषेश क्षेत्र:–**

प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सवको क्षेत्र, पर्यटन प्रवर्धन गर्नुको साथै यस क्षेत्रको जैविक विविधताको संरक्षण, संम्बर्धन, सामाजिक, साँस्कृतिक तथा धार्मिक विशेषताहरुलाई समेत समेटिएको साथै सिदिङ्वाधाम क्षेत्र तथा अन्य पर्यटकीय क्षेत्रहरुको भ्रमण र पहिचान गर्ने, चिनारी गराउने यस क्षेत्रको समग्र विकासमा साझेदारी तथा प्रवर्धनका क्षेत्रमा यस महोत्सव अन्तर्गत रहेको थियो।

**५) सहभागिता:–**

यस महोत्सवमा कोशी प्रदेशका मा. श्री तिलकुमार मेन्याङ्बो ज्यूको उद्घाटन सत्रको प्रमुख अतिथी र कोशी प्रदेशका संस्थापक मुख्यमन्त्री श्री शेरघन राई ज्युको समापन सत्रको प्रमुख आथित्यतामा महोत्सव सम्पन्न भएको थियो। विशेष अतिथी, लगायत अतिथीहरुमा बिभिन्न गाउँपालिकाका अध्यक्ष ज्यूहरु, पूर्व ताप्लेजुङ तथा पाँचथरका माननीय सांसदहरु, कोशी प्रदेशका माननीय सांसदहरु, ताप्लेजुङ र पाँचथर जिल्ला समन्वय समिति प्रमुख, जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका प्रमुख, विभीन्न पार्टीका नेता तथा कार्यकर्ताहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, बुद्धिजिविहरु, राष्ट्रिय तथा स्थानीय कलाकारहरु, पत्रकारहरु, समाजशास्त्री, सामाजिक अभियन्ता, ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, तेह्रथुम, काठमाडौ, ललितपुर तथा भक्तपुर लगायत अन्य स्थानहरुबाट आउने पाहुना तथा पर्यटकहरु साथमा आयोजक सिदिङ्वा गाउँपालिकाका सम्पुर्ण परिवारले उल्लासमय वातावरणमा सहभागिता रहेको थियो।

**६) महोत्सव सन्चालन तालिका:**

१. मिति २०८२ जेठ १५ गते

प्रमुख अतिथि/विशिष्ट अतिथि/पर्यटक/कलाकारहरु लगायत खेलाडी लगायत महोत्सवमा पाल्नु हुने अतिथिहरुको सिदिङ्वाधाम दर्शन यात्रा गरिएको थियो।

दिउसो १ वजे कार्यक्रम उद्घाटन, पाठ पूजा, दृश्यावलोकन, राष्ट्रिय कलाकारहरु सहित विभिन्न झाँकीहरुको प्रस्तुती, अवलोकन तथा बिभिन्न खेलकुद अन्य विविध औपचारिक कार्यक्रमहरु भएको थियो।

२. जेठ १६ गते

बिभिन्न खेलकुद तथा विविध औपचारिक कार्यक्रमहरु। खेलकुदतर्फ: वडास्तरीय भलिबल प्रतियोगिता भएको थियो। हाफ म्याराथन तर्फ: पुरुष तथा महिला प्रतियोगिता भएको थियो।



नि. प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रममा नौमती बाजा/केलाङ र स्थानीय जातिय झाँकी प्रर्दशनीको कार्यक्रम पनि राखिएको थियो, याक,चौरी, भेडा, स्थानीय हस्तकलाका सामाग्रीहरु, घीउ,छूर्पी, अल्लोको उत्पादनका टोपी,मक्लर, झोला, कोट र मजेत्रो समेत प्रर्दशनीमा राखिएको थियो ।

२. जेठ १७ गते

राष्ट्रिय कलाकारहरु र स्थानीय कलाकारहरुको प्रस्तुती, बिभिन्न खेलकुद/पुरस्कार वितरण तथा कार्यक्रम समापन गरिपको थियो ।

**७) महोत्सव सन्चालनः**

महोत्सवको सन्वालनका लागि १०१ सदस्यसीय प्रथम सिदिङ्वाधाम महोत्सव सञ्चालन मूल समारोह समिति, ५ सदस्यीय सचिवालय रहेको थियो भने ९ वटा विभिन्न उपसमितिहरु मार्फत यस महोत्सवको व्यवस्थापकीय पक्षलाई सबल र प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थित बनाईएको बनाईएको थियो । स्थानीय उद्योग वाणिज्य संघ, स्थानीय राजनितीक दल, स्थानीय संघ संस्था तथा सामाजिक अभियन्ताहरुको सहयोग तथा समन्वय साथ प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सवलाई भव्य रुपमा सञ्चालन गरिएको थियो ।

**८) आर्थिक क्रियाकलापः**

प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव, २०८२ सञ्चालनका लागि अनुमानित कूल लागत रु ३७,९००००।- (अक्षरुपी सट्तिस लाख नब्बे हजार) वजेट प्रस्ताव गरिएमा उक्त पर्यटन महोत्सवको, २०८२ लाई सब्य एवं भव्य रुपमा सञ्चालनमा कुल जम्मा रु. २८,२०,९१०।– (अठाईस लाख बीस हजार नौसय १० रुपैया खर्च भएको थियो ।

**९) बजेट तथा खर्च विवरणः**

| हाल भएको वास्तविक बिल/भरपाई बमोजिम खर्च भएको शिर्षक | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | हाल भएको वास्तविक बिल/भरपाई बमोजिम खर्च भएको शिर्षक | बिल नं. | ईकाई | परिमाण | दर | जम्मा खर्च रु. | |
| १ | फ्लेक्स/पम्प्लेट प्रिन्ट | १४५ | | | | ३९८८९.० | बिल |
| २ | फ्लेक्स/पम्प्लेट प्रिन्ट, क्यालेण्डर, फोटो | ३१८ | | | | १८८९५४.३५ | बिल |
| ३ | रेडियो ताप्लेजुङ | २८७ | | | | १००००.० | बिल |
| ४ | पत्रकार सम्मेलन कार्यक्रम | | | | | ०.० | भरपाई |
| ५ | रेडियो काबेली ९५.८ मेघाहर्ज | ८९ | | | | १००००.० | बिल |
| ६ | रेडियो तमोर १०२ मेघाहर्ज, ताप्लेजुङ | ६११० | | | | १००००.० | बिल |
| ७ | Jankari Media Pvt.Ltd, Taplejung | १५ | | | | ०.० | बिल |
| | | | | | | | |
| १ | गेट निर्माण ३ वटा, (फलैचा/सादेवा/थामडाँडा) | | | | | ५००००.० | ल.ई./भरपाई |
| | | | | | | | |
| १ | अल्लो मिस्कट मकलर | | वटा | २० | ६५० | १३०००.० | |
| २ | पिअर अल्लोको टोपी | | वटा | १५ | ६५० | ९७५०.० | |


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | अल्लो मिस्कट टोपी | | वटा | ६ | ४५० | २७००.० | |
| ४ | ३०% चेक अल्लोको कोट (५ मि.) | | वटा | १ | ४५०० | ४५००.० | |
| ५ | ३०% चेक अल्लोको कोट (४।५ मि.) | | वटा | ५ | ३५०० | १७५००.० | |
| ६ | ३०% चेक अल्लोको कोट (४।५ मि.) | | वटा | १ | ४२०० | ४२००.० | |
| ७ | मजेत्रो (२ मि.) | | वटा | २ | १५०० | ३०००.० | |
| १२ | छुर्पीको माला (थामपोखरी दुधडेरी उद्योग) | | के.जी. | १७ | १२०० | २०४००.० | |
| | | | | | | ०.० | |
| | | | | | | ०.० | |
| | | | | | | ०.० | |
| | खाना खाजा, चियापानी | | | | | ३०००००.० | |
| | ग. सवारी साधन भाडा | | | | | ५००००.० | |
| १ | छाप्रो /प्रतिक्षालय निर्माण २ वटा स्थायी | वटा | २ | २ | ३५६०० | ७१२००.० | भरपाई |
| | अस्थायी बासस्थान तथा अन्य निर्माण | | | | | २००००.० | |
| | टनेल/त्रिपाल,मिमि मेट्रेस/यतिकार्पेटतन्ना/ब्लाङकेट/सिरानी, डस्विन/डोरी/पाईप | | | | | ४६७०००.० | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| १ | नौमाति बाजा | | १ | १ | ४५००० | ४५०००.० | भरपाई |
| २ | केलाङ | | १ | १ | ४५००० | ४५०००.० | भरपाई |
| | साउण्ड स्सिटम | | १ | १ | ३५०००० | ३५००००.० | बिल/भरपाई |
| १ | राष्टिय कलाकार | | | | | ४५९११२.० | भरपाई |
| १ | प्रथम र द्वितिय पुरस्कार नगद, ट्रफि २ र प्रमाण-पत्र र डेमो चेक २ | | १ | १ | ८०००० | ८००००.० | भरपाई |
| २ | विदागत पुरस्कारहरु नगद सहित ट्रफि २०, वटा , मेडल २८ वटा | | | | २०००० | २०००० | भरपाई |
| ३ | रेफ्री, खेल अफिसियल | | | | ४७००० | ४७००० | भरपाई |
| ४ | खेल मैदान निर्माण तथा व्यवथापन | | | | २०००० | २०००० | भरपाई |
| १ | म्याराथुन (महिला/पुरुष) पुरस्कार, विघागत पुरस्कार,मेडल,ट्रफी,प्रमाण-पत्र, धावक ट्रफि अन्य | | | | २०५००० | २०५००० | भरपाई |
| २ | म्याराथुन टिसर्ट,अफिसियल | १७१ | | | | १३०५१५.० | बिल |
| ३ | ट्रफि,मेडल,प्रमाण-पत्र, जर्सी प्रिन्ट | ८३१ | | | | १११९०.० | |

प्रथम [illegible]धाम पर्यटन महोत्सव, २०८२ को कार्यक्रम प्रतिवेदन



नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सामान कलेक्सन तथा महोत्सव स्थल सरसफाइ | | १ | १ | १०००० | १००००.० | भरपाई |
| २ | कार्यक्रम सञ्चालक (हेमराज निरौला) | | १ | १ | १०००० | १००००.० | भरपाई |
| ३ | स्टेज निर्माण | | | | | ३००००.० | |
| ४ | जर्सी सेट १६ थान | | | | | १६०००.० | |
| २ | घोडा तथा चौरी व्यवस्थापन (भरत बानिया) | | १ | १ | ५००० | ५०००.० | भरपाई |
| ३ | सावरी साधन भाडा (प्रमुख अतिथी) | | १ | १ | १५००० | १००००.० | भरपाई |
| ४ | गाडी भाडा (सोताङ केरीयर) | | ५ ट्रिप | ५ | १०००० | ३५०००.० | भरपाई |
| ५ | खाना खाजा, चियापानी | | | | | ०.० | |
| | ० | | | | | २८२०९१० | ० |











कार्य सम्पन्न प्रतिवेदन.



नि. प्रमुख प्रशासकीय अधिकृत









**१०) निश्कर्ष तथा सुझावः–**

प्रथम सिदिङ्वाधाम पर्यटन महोत्सव,२०८२ को सफलताले यस गाउँपालिकाको पहिचान रुपमा रहेको सिदिङ्वाधाम, तिम्बुङ पोखरी तथा अन्य पर्यकीय स्थानहरुलाई देश तथा विदेशमा चिनाउने मात्र होइन यस क्षेत्रको सामाजिक आर्थिक रुपान्तरणको आधारशिला समेत निर्माण गर्ने उद्धेश्य सहित कार्यक्रम सफल भएको छ। यस महोत्सवको सफल बनाउनको लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्र बीचको समन्वय तथा सहकार्य अपरिहार्य रहेको हुँदा सबैको संयुक्त प्रयासले यस कार्यक्रम सफल रहेको छ।

**प्रतिवेदन पेश गर्नेः**
सिदिङ्वा गाउँपालिका
साब्लाखु, ताप्लेजुङ

**स्वीकृत गर्नेः**
सिदिङ्वा गाउँ कार्यपालिका कार्यालय
तथा

**धन्यवाद।**